अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), मध्यमाञ्चल क्षेत्रीय कार्यालयद्वारा वीरगञ्जमा ०६३ भदौ ६ गते आयोजित छलफल कार्यक्रममा प्रस्तुत

# अन्तर्राष्ट्रिय फौज्दारी अदालत, कार्य र कार्यविधि विषयक

**आधार-पत्र**

- रामकृष्ण काफ्ले (अधिवक्ता)

**ऐतिहासिक पृष्ठभूमी**

मानिस स्वभाबैले स्वार्थी प्राणी हो । त्यसमा पनि उ शासक समेत भएपछि त "बादरलाई लिस्नो" हालिदिए जस्तै ब्यवहार गर्न पछि पर्दैन । पूर्वीय दर्शनका रामायण,महाभारत जस्ता पौराणिक कथाका पात्र हुन् वा देवासुर संग्रामका सुरासुर पात्र हुन् सबैमा एउटै चरित्रगत मेल छ - सत्ता लिप्सा र त्यसका आधारमा प्राप्त हुने सत्तासुख,सुविधा,धाक,रवाफ,शान,मान, ऐशआराम.......बस् । त्यसैका कारणले आफूले प्राप्त गरेको सत्ता जतिसुकै अलोकप्रीय भएपनि,शासनका नाममा कुशासन चलाएपनि शासितले त्यसलाई चुपचाप सहनु पर्दछ भन्ने अहंवादी र अतिवादी सोच तथा त्यसबाट उत्पन्न प्रतिकृया र विद्रोह समानान्तर रुपमा चलिआएका;छन् चलिरहने छन् ।

प्रथम र द्वितीय विश्व युद्धबाट त्रस्त विश्वले युद्धको विभीषिका मात्र देखेन त्यसबाट हुने जनधनको अपुरणीय क्षती साथै परिणाम र चरम मानवीय अपराध समेत भोग्यो । युद्धमा हुने युद्धजनित हत्या हिंसा र अन्याय-अत्याचार मात्र होइन त्यसको पश्चातदर्शी परिणाम झन भयावह हुदो रहेछ भन्ने कुरा फिलिपिनी तथा जापानी बालिका र महिलाहरुले अमेरिकी सेनाबाट खप्न परेको यौन शोषण,यौनिक हिंसा र दाशताको उच्चारण मात्र पनि एउटा सभ्य समाजको लागि काफी हुन्छ ।

खासगरी दोश्रो विश्वयुद्ध पश्चात विश्वले त्यस्ता मानवता र मानवअधिकार बिरोधी कृयाकलापका विरुद्ध संगठित रुपमा आवाज उठाउन थालेको हो । १९४५ मा संयुक्त राष्ट्र संघको स्थापना,१९४८ मा मानवअधिकारको विश्वब्यापी घोषणापत्र जारी गरिनु,युद्ध गर्नै परे पनि त्यसलाई मानवीय बनाइनु पर्छ भन्ने मान्यता सहित १२ अगस्त १९४९ मा चार जेनेभा महासन्धिहरु जारी गरिनु,१९६६ का आर्थिक,सामाजिक,सांस्कृतिक साथै नागरिक तथा राजनैतिक अधिकार सम्बन्धि दुई छुट्टाछुट्टै महासन्धि पारित हुनु,१९७९ मा महिला विरुद्ध हुने सबै खाले भेदभाव उन्मुलन विषयक महासन्धि पारित हुनु,जातीय छुवाछुत ,यातना,बालबालिकाका अधिकार सम्बन्धि छवटा ठूला महासन्धि जारीभै प्रभावकारी रुपमा लागु हुनुले मानव सभ्यतालाई अगाडि बढाउन सहयोग पुऱ्याएको भएपनि राजनैतिक भ्रष्टाचार,शासकीय दुस्चरित्र,वंशपरम्परा र परिवारवादी नेतृत्व,पार्टी पद्धतिमा आन्तरिक प्रजातन्त्रको अभाव,विकेन्द्रीकरण,समावेशीकरण र पारदर्शीताको अभावले आम जनतामा निरासा बढाउदैआएको छ । बेलाबखतमा देखिने विद्रोह यसै निरासाका कारण हुन् ; विद्रोह मानिसको जन्मजात अधिकार पनि हो ।

**अन्तर्राष्ट्रिय फौज्दारी अदालतको विकासक्रम**

१९४९ मा चार जेनेभा महासन्धिहरु(युद्धका कानुन वा अन्तर्राष्ट्रिय मानवीय कानुन पनि भनिन्छ ) ले युद्धलाई कम घातक बनाउने प्रयास गरे । युद्धमा खासगरी सैनिकहरु प्रत्यक्ष लडेका देखिए पनि लडाईंको स्वार्थ शासकसँग गासिएको हुन्छ । द्वितीय विश्वयुद्धका अपराधीलाई मुद्दा चलाउन र सजायँ दिन १९४५ को अगष्टमा अमेरिका,बेलायत,फ्रान्स र सोभियत संघ बीच भएको सम्झौता मुताविक १९२८ को पेरिस सन्धिलाई आधार मानी न्युरम्बर्ग सैनिक अदालत गठन गरिएको थियो । यसको खास उद्देश्य जर्मन नाजी सैनिक र जर्मन शासकमाथि कारवाही गर्नु थियो । यसैक्रममा युद्ध अपराध तथा मानवता विरुद्धको अपराधका दोषी ब्यक्तिहरुको पक्राउ,थुना ,सजाँय र सुपुर्दगीका सम्बन्धमा राष्ट्रहरु बीच सहयोग बढाउने सिद्धान्तका सम्बन्धमा संयुक्त राष्ट्र संघीय महासभाले सन् १९७३ मा एक नौ बुंदे प्रस्ताव पारित गरेको थियो । पछि आएर १९९४ मा बोस्निया-हर्जगोभिना तथा रुवाण्डामा भएका नरसंहारमा कारवाही गर्न पनि यस्तै सैनिक अदालत गठन गरिएको थियो । यस्तै प्रकृतिको अदालत जापानमा पनि गठन गरिएको थियो । तर ती

अदालत भनिए पनि अस्थायी प्रकृतिका थिए र निश्चित क्षेत्रमा भएका मानवता विरुद्धका दोषिलाई छानविन र सजाँय गर्न अस्थायी रुपमा स्थापित भएका थिए । यस्ता अपराध बढ्दै गएका कारण अपराधका दाषीलाई सजाँय गर्न स्थायी अन्तर्राष्ट्रिय संयन्त्रकारुपमा एक न्यायिक अङ्गको आवश्कता महसुश भै सं रा.सं महासभाले अन्तर्राष्ट्रिय फौज्दारी अदालतको प्रस्ताव गरेको मा १२० राष्ट्र अन्तर्राष्ट्रिय फौज्दारी अदालतको स्थापनामा सहमत भए २१ राष्ट्र अनुपस्थित रहे र ७ राष्ट्रले राज्यको सार्वभौमिकताको वकालत गर्दै अन्तर्राष्ट्रिय फौज्दारी अदालतको क्षेत्राधिकार स्वीकार्न असहमत भए पनि १७ जुलाई १९९८ मा ती १२० राष्ट्रको सहमतिकै आधारमा अन्तर्राष्ट्रिय फौज्दारी अदालतको स्थापना भएको हो । १ जुलाई २००२ मा ६० राष्ट्रले अन्तर्राष्ट्रिय फौज्दारी अदालतको रोम विधानलाई अनुमोदन गरेपछि यो कार्यान्वयनमा आएको हो । यसको कार्यालय नेदरलण्डको राजधानी द हेगमा छ ।

न्युरम्बर्ग सैनिक अदालतले युद्ध सम्बन्धि अपराधलाई तीन भागमा बाडेको छ -

१) **शान्ति विरुद्धको अपराध**(Crime Against Peace) : यस अन्तर्गत १९२८ को पेरिस सन्धिको उल्लंघन,१९४८ को मानवअधिकारको विश्वब्यापी घोषणापत्रको उल्लंघन,१९४९ का चार जेनेभा महासन्धिहरु र अन्तर्राष्ट्रिय महासन्धिहरुको उल्लंघन गरी आक्रामक युद्धको आयोजन, तयारी र थालनी गर्नु जस्ता कार्यहरु पर्दछन् ।

२) **मानवता विरुद्धको अपराध**(Crime Against Humanity) : यस अन्तर्गत राजनैतिक वा सामाजिक आधारमा गैर सैनिक ब्यक्तिहरुमाथि अत्याचार गर्नु,दास बनाउनु,देश निकाला गर्नु, तिनीहरुको आम संहार गर्नु जस्ता अमानवीय कार्यहरु पर्दछन् ।

३) **युद्ध अपराध**(War Crime ) : यस अन्तर्गत युद्ध संचालन गर्ने सब्म्बन्धमा बनेका नियम, कानुन ,प्रथा र महासन्धिहरुको उल्लंघन गरी युद्ध गर्नु जस्ता कार्यहरु पर्दछन् ।

यसै पनि युद्धअपराध अन्तर्राष्ट्रिय प्रकुतिको अपराध मानिन्छ र अपराधिको पक्राउ, अपराधको छानविन तथा दण्ड-सजाँयमा अन्तर्राष्ट्रिय क्षेत्राधिकार लागु हुन्छ । मानवता विरुद्धको अपराधका अपराधी( Criminal Against Humanity) लाई सम्पूर्ण मानव समूदायको शत्रु ( Hostis Humani Generis) मानिन्छ । तिनीहरुलाई पक्राउ गर्न र सजाँय दिन विश्वब्यापी अधिकारक्षेत्र (Universal Jurisdiction) सक्षम हुन्छ । तिनीहरुलाई खोजी गर्न, पक्राउ गर्न ,पूर्पक्ष गर्न र सजाँय गर्न कुनै हदम्याद लागु हुदैन ।

**युद्ध अपराध र अर्न्राष्ट्रिय फौज्दारी अपराधमा फरक** : युद्ध संचालन गर्ने सम्बन्धमा बनेका नियम, कानुन ,प्रथा र महासन्धिहरुको उल्लंघन गरी सैनिक वा गैरसैनिक ब्यक्तिलाई हानी नोक्सानी वा क्षती पुऱ्याउने गरी युद्ध गर्नु युद्ध अपराध हो भने स्वाधीनता वा राष्ट्रिय स्वतन्त्रता र मुक्तिका लागि विद्रोह गर्दा वा तत्कालीन राज्य सत्ता वा शासकका विरुद्ध आन्दोलन गर्दा शासकले शासनसत्ता, शक्ती र सुरक्षा संयन्त्रको दुरुपयोग गरी विद्रोहीलाई दवाउन गरेका कार्य त्यस्ता आन्दोलन वा विद्रोह सफल भएपछि आपराधिक कार्य मानिन्छन् र पूर्ववर्ती शासक र शासनसत्ता दुरुपयोगकर्तालाई निजले दमनका लागि तत्काल गरे गराएका कार्य फौज्दारी अपराध मानी सके त्यसै देशको कानुन अनुसार दण्ड दिइन्छ । त्यस्तो राष्ट्रिय कानुन अनुसार दिइने दण्ड पर्याप्त नहुने किसिमको अपराध रहेछ भने अन्तर्राष्ट्रिय फौज्दारी अदालतमा मुद्दा चलाइन्छ । दण्ड हीनताको अन्त्य र कानुनी शासनको सुदृढीकरण नै अन्तर्राष्ट्रिय फौज्दारी अदालतको मूल घेय हो ।

**सामान्य अदालत र अन्तर्राट्रिय फौज्दारी अदालतका क्षेत्राधिकार**

सामान्य अदालतलाई राज्यको कानुनले परिभाषित र निर्देशित गरिएको हुन्छ । यसलाई आफ्नो राज्यक्षेत्रभित्रका देवानी(Civil) र फौज्दारी(Criminal) तथा तोकिएका मुद्दामात्र हेर्ने अधिकारहुन्छ । अन्तर्राट्रिय फौज्दारी अदालत सन् १९९८ को जुलाई १७ मा विश्वका १२० राष्ट्रका प्रतिनिधिद्वारा अन्तर्राष्ट्रिय फौज्दारी अदालतको रोम विधानलाई पारित गरेपछि अन्तर्राट्रिय फौज्दारी अदालतको कार्यक्षेत्र पक्ष राष्ट्रका (अपराध भएको राष्ट्र वा अपराधको अभियोग लागेको राष्ट्र मद्धे दुवै वा कुनै एकको नागरिक अपराधी) लागि विश्वब्यापी हुन्छ । पक्ष नभएको राष्ट्रले पनि आफ्नो देशमा भएका त्यस्ता अपराधका दोषीलाई कारवाही गर्न अन्तर्राष्ट्रिय फौज्दारी अदालतको क्षेत्राधिकार स्वीकार गर्ने निर्णय गरेको मा संयुक्त राष्ट्र संघीय महासभाको सुरक्षा परिषद्ले सिफारिस गरिपठाएमा अन्तर्राट्रिय फौज्दारी अदालतको कार्यक्षेत्र लागु हुन्छ । तर अन्तर्राष्ट्रिय

फौज्दारी अदालतको क्षेत्राधिकारलाई राज्यको क्षेत्राधिकारको पूरकको रुपमा बुझिन्छ । कारण राज्यको अदालती कार्वाही फितलो वा असक्षम भएमा पनि अन्तर्राष्ट्रिय फौज्दारी अदालतको क्षेत्राधिकार लागु हुन्छ ।

यस सम्बन्धमा निम्न तीन कुरा बुझ्नु जरुरी छ :

क) सन् १९९८ को जुलाई १७ मा विश्वका १२० राष्ट्रका प्रतिनिधिद्वारा अन्तर्राष्ट्रिय फौज्दारी अदालतको रोम विधानलाई पारित गरिएको हो ।

ख १ जुलाई २००२ मा अन्तर्राष्ट्रिय फौज्दारी अदालतको रोम विधानलाई ६० राष्ट्रले अनुमोदन गरेपछि रोम विधान कार्यान्वयनमा आएका ले त्यसअघिका अपराधका दोषीलाई कारवाही गर्न अन्तर्राष्ट्रिय फौज्दारी अदालतको क्षेत्राधिकार स्वीकार गर्ने निर्णय गरेको मा संयुक्त राष्ट्र संघीय महासभाको सुरक्षा परिषद्ले सिफारिस गरिपठाएमा अन्तर्राट्रिय फौज्दारी अदालतको कार्यक्षेत्र लागु हुन्छ । त्यसपछिका अपराधका दोषीमाथी छानविन,अनुसन्धान र सजाँय हुन संयुक्त राष्ट्र संघीय महासभाको सुरक्षा परिषद्ले सिफारिस गर्नु पर्दैन ।

ग) पक्ष नभएको राष्ट्रले पनि आफ्नो देशमा भएका त्यस्ता अपराधका दोषीलाई कारवाही गर्न अन्तर्राष्ट्रिय फौज्दारी अदालतको क्षेत्राधिकार स्वीकार गर्ने निर्णय गरेको मा संयुक्त राष्ट्र संघीय महासभाको सुरक्षा परिषद्ले सिफारिस गरिपठाएमा अन्तर्राट्रिय फौज्दारी अदालतको कार्यक्षेत्र लागु हुन्छ ।

**अन्तर्राष्ट्रिय फौज्दारी अदालतका सैद्धान्तिक पक्ष**

- **भूतलक्षी नहुने फौज्दारी न्यायको सिद्धान्तको पक्षपाती** : अन्तर्राष्ट्रिय फौज्दारी अदालतको रोम विधानलाई पारित गरेपछिका घटनाका दोषीहरुमाथि मात्र रोम विधान बमोजिम न्यायिक कारवाही चलाउने ।
- **दण्डहीनताको निषेध** : दोषीलाई कुनै पनि प्रकारको माफी,उन्मुक्ति वा दण्डहीनताका त्यस्ता मापदण्डलाई मान्यता नदिने ।
- **कानूनी सिद्धान्तको पक्षपाती** : अदालती कारवाहीमा निष्पक्षता र कानुनको उचित प्रक्रिया अपनाइने ।
- **मृत्युदण्डको विरोधी** : मृत्युदण्ड आफैमा मानवता विरोधी अपराध भएका ले मृत्युदण्डलाई बहिस्कार गर्ने।
- **साक्षी ,प्रमाण तथा पीडितको सुरक्षा** (धारा ६८): मुद्दाको कारवाही किनाराका क्रममा साक्षी ,प्रमाण तथा पीडितको सुरक्षा अति महत्वपूर्ण हुने र यसले मुद्दाको निर्णय प्रकृयामा समेत असर पार्ने भएका ले यसको सुरक्षा प्रति अदालत विषेश चनाखो रहन्छ ।

**अन्तर्राट्रिय फौज्दारी अदालतका कार्यक्षेत्र**

- **नरसंहार गरिएका अपराध** (धारा- ६): कुनै राष्ट्रिय ,जनजाति,धार्मिक वा जातीय समूहलाई सम्पूर्ण वा आंशिक रुपमा सखाप पार्ने उद्देश्यले मार्नु,शारीरिक वा मानसिक हानीनोक्सानी पुऱ्याउनु ,परम्परा र संस्कार बदल्न बाध्य पार्नु,जन्म निषेध वा जन्ममा बाध्यात्मक मापदण्ड लगाउनु वा एक समूदायका बालबालिकालाई जबर्जस्ती अर्को समूदायमा स्थानान्तरण गराउनु तथा त्यस्तो कार्य गर्न आदेश दिनु वा बाध्य पार्नु ।
- **मानवता विरुद्धको अपराध** (धारा(७) : नरसंहारका अपराध व्यापक रुपमा वा योजनाबद्ध आक्रमण वा त्यसको भागको रुपमा भएको हुनु , त्यस्ता कार्य जानीजानी नागरिक विरुद्ध लक्षित हुनु र राज्य वा सांगठानिक नीति लागु गर्ने क्रममा भएको हुनुपर्दछ । सामान्य शब्दमा भन्ने हो भने हत्या,दासता,यातना,सफाया अभियान,बेपत्ता पार्नु,यौन हिंसा ,रंगभेद,वा यस्तै अन्य कुकार्य गर्नु गराउनु ।
- **युद्ध अपराध** (धारा- ८) : युद्ध संचालन गर्ने सम्बन्धमा बनेका १२ अगस्त १९४९ का जेनेभा महासन्धिहरु र तिनका इच्छाधीन उपलेखहरु, नियम, कानुन ,प्रथा र महासन्धिहरुको उल्लंघन

गरी युद्ध गर्नु जस्ता कार्यहरु पर्दछन् । त्यसैगरी आन्तरिक सशस्त्र द्वन्द्वमा १२ अगस्त १९४९ का जेनेभा महासन्धिहरुका साझा धारा नं. ३ को उल्लंघन गरी युद्ध गर्नु जस्ता कार्यहरु पर्दछन् ।

- **आक्रमणको अपराध** (धारा- ८) : यस सम्बन्धमा सन् २००२ मा एक विशेष कार्यदल गठन गरी कस्ता कस्ता अपराध यस अन्तर्गत समावेश हुने भनी अद्यापी छलफल हुदैछ । खासगरी यसमा सार्वभौमसत्ता माथिको आक्रमण,स्वतन्त्रता माथिको आक्रमण,स्वशासन र सुशासन माथिको आक्रमण,संस्कार र परम्परा माथिको आक्रमण आदि मुख्य हुन् ।

**अन्तर्राट्रिय फौज्दारी अदालतका कार्य र कार्यविधिः**

१.अन्तर्राट्रिय फौज्दारी अदालतका मुख्य कार्य निम्नानुसार छन्:

- ❖ १८ बर्ष वा सो भन्दा माथिका उमेरका ब्यक्तिहरु उपर लागेका आरोपित कसुरका विषयमा मात्र यसले न्यायिक कारवाही गर्न सक्दछ ।
- ❖ रोम विधान लागु भएपछि भएका अपराधका अपराधीलाई मात्र यसले छानविन गर्न पाँउछ ।
- ❖ कुनैपनि नागरिक,ब्यक्ति ,सैनिक वा गैरसैनिक उपर कारवाहीं गर्न पाँउछ ।

२.अन्तर्राट्रिय फौज्दारी अदालतले निम्नानुसार मुद्दा ग्रहण गर्दछ :

- ➢ पक्ष भएका राष्ट्रले स्वयं अपराधका बारेमा जानकारी दिएमा,
- ➢ पक्ष नभएको राष्ट्रले पनि आफ्नो देशमा भएका त्यस्ता अपराधका अपराधमा दोषीलाई कारवाही गर्न अन्तर्राष्ट्रिय फौज्दारी अदालतको क्षेत्राधिकार स्वीकार गर्ने निर्णय गरेको मा
- ➢ संयुक्त राष्ट्र संघीय महासभाको सुरक्षा परिषद्ले सिफारिस गरिपठाएमा,
- ➢ गैर राज्य पक्ष( गैरसरकारी संस्था ,पीडितहरुले अन्तर्राष्ट्रिय फौज्दारी अदालतका अभियोक्ता समक्ष उजुरी दर्ता गराएमा ।

३.अन्तर्राट्रिय फौज्दारी अदालतले निम्नानुसारका कार्यविधि अपनाउछ :

- ✓ परेका उजुरी उपर अनुसन्धान सुरु गर्ने कि नगर्ने,आधार पर्याप्त छन् छैनन् भनी कानुनी आधार हेर्ने र थप अनुसन्धान सुरु गर्ने उचित आधार तयार गर्न अभियोक्ता (Attorny) रहन्छन् ।
- ✓ आधार पर्याप्त छन् भने पूर्व पूर्पक्षका लागि अभियोक्ताले सम्बन्धित विभागमा पठाउछन् ।
- ✓ आधार पर्याप्त छन् भने पूर्व पूर्पक्ष विभागले मुद्दाको अनुसन्धानको अनुमति दिन्छ ।
- ✓ मुद्दाको अनुसन्धानको अनुमति दिएपछि सो को जानकारी सबै सदस्य राष्ट्रलाई दिनु पर्छ ।
- ✓ त्यस मुद्दाको अनुसन्धान यदि राष्ट्रमा चलिरहेको छ भने थप अनुसन्धान रोक्न जानकारी गराएमा अन्तर्राट्रिय फौज्दारी अदालतले आदेश दिन्छ ।
- ✓ अनुसन्धान रोक्का भएमा हरेक ६ महिनामा अभियोक्ताले पुनरावलोकन गर्दछन् ।
- ✓ मुद्दाको अनुसन्धान गर्दा आधार यदि पर्याप्त छैनन् भने अभियोक्ताले निर्णय गरी सम्बन्धित उजुरवालालाई जानकारी दिनुपर्दछ ।
- ✓ उजुरवालाले अभियोक्ताको त्यस्तो निर्णय उपर पुनः विचार गर्न पूर्व पूर्पक्ष विभाग समक्ष अनुरोध गर्न सक्दछन् ।
- ✓ पूर्व पूर्पक्ष विभाग उजुरवालाको उजुरीमा सहमत भएमा अभियोक्ताको त्यस्तो निर्णय उपर पुनः विचार शुरु हुन्छ, अभियोक्ताको निर्णयमा सहमत भएमा मुद्दाको अन्त्य हुन्छ ।

अनुसन्धान गर्दा अभियुक्त उपर **फौज्दारी न्यायका मूलभूत सिद्धान्तहरु** अवलम्बन गरिन्छन् ।

**अन्तर्राट्रिय फौज्दारी अदालतले गर्न सक्ने सजाँय :**

- o अभियुक्तलाई बढीमा ३० बर्षसम्मको कारावासको सजाँय हुनसक्छ ।
- o अभियुक्तलाई आफू मृत्युदण्डको सजाँय दिदैन तर राष्ट्रिय कानुनमा मृत्युदण्डको सजाँयको ब्यवस्था भएमा मृत्युदण्डको सजाँयसजाँय सम्बन्धित मुलुकले नै गर्नसक्छ ।
- o अदालतले पीडितलाई क्षतिपूर्तीको आदेश दिन सक्छ ।

**उपसंहार**

यसरी अन्तर्राट्रिय फौज्दारी अदालत आजको युगमा शासकबाट शासनसत्ताको दुरुपयोग गरी स्वाधीनता वा राष्ट्रिय स्वतन्त्रता र मुक्तिका लागि विद्रोह गर्दा वा तत्कालीन राज्य सत्ता वा शासकका विरुद्ध आन्दोलन गर्दा शासकले शासनसत्ता, शक्ती र सुरक्षा संयन्त्रको दुरुपयोग गरी विद्रोहीलाई दवाउन गरेका कार्यको उजुरी प्राप्त भएमा अनुसन्धान गरी सजाँय दिन सक्षम निकाय हो। २००५को अक्टोवर २८ सम्ममा १०० राष्ट्रले यसलाई अनुमोदन गरिसकेका छन् । नेपाल पनि दण्ड हीनताबाट ग्रस्त मुलुक भएकाले यसले पनि रोम विधानलाई अनुमोदन गरी कानूनी राज्यको स्थापनागर्न, दण्ड हीनताको अन्त्य गर्न,मानवता विरुद्धका अपराध रोक्न र त्यस्ता अपराधका अपराधीलाई दण्ड दिन,युद्ध अपराध रोक्न,अन्तराट्रिय समुदायसँग भाइचारा र सहयोग कायम राख्न र अन्तर्राष्ट्रिय सन्धिसम्झचयौता प्रति गरिएको समर्थनको ब्यवहारिक कार्यान्वयनका लागि पनि अन्तर्राट्रिय फौज्दारी अदालतको रोम विधानलाई अनुमोदन गरिनु आवस्यक थियो । जनआन्दोलन -२ को सडक सफलता पश्चात राज्य सत्तामा सडकमा अभिब्यक्त जनमतको कार्यान्वयनका लागि पनि यो एक वैधानिक माध्यम हुनेछ । राज्य सत्तामा सबैखाले पहुँच र नियन्त्रण हुनुले मात्र वास्तवमै सार्वभौमसत्ता सम्पन्न जनताको परिचय पूरा हुन्छ । संसदले संकल्प प्रस्ताव पारित गरी पठाएको यो विधानलाई सरकारले चाहीं कहिले अनुमोदन गर्ने हो त्यो भने हेर्न बाकी छ ।

अन्तमा जो जो विद्वानहरुका पुस्तक लेख रचना मलाई यो आधार पत्र तयार गर्न उपयोगी भए उहाँहरु प्रति म आभारी छु । विद्वत वर्गको टीप्पणी सदा स्वागत योग्य छ ।

**सन्दर्भ सामग्रीः**


- संक्षिप्त अन्तर्राष्ट्रिय कानुन ,तेश्रो संस्करण :डा. गोपाल शर्मा
- दण्ड हीनताको अन्त्यका लागि अन्तर्राट्रिय फौज्दारी अदालतको रोम विधान लागु गर:इन्सेक
- अन्तर्राट्रिय फौज्दारी अदालतको रोम विधान अनुमोदनका लागि २०६३ साउन १ मा संसदमा प्रस्तुत ज्ञापन पत्र,
- १२ अगस्त १९४९ का ४ जेनेभा महासन्धीहरु र तिनीहरुका प्रथम र द्वितीय आलेख